मिति २०७६/०८/१० गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरज्यूको अध्यक्षमा बसेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरु । उक्त निर्णयहरु सम्बद्ध सबै स्थानीय तह लगायत कार्यालय, संघ, संस्थाहरुले कार्यान्वय गर्नु गराउनु हुन समेत अनुरोध गरिन्छ ।

## निर्णयहरु

१. गृह मन्त्रालय बिपद् पूर्वतयारी तथा प्रतिकृया शाखाको च.न. १७७ मिति २०७६/०८/०६ को चिसो तथा शीतलहरबाट हुन सक्ने जोखिम पूर्व तयारी गर्ने सम्बन्धी परिपत्र यस समितिको बैठकमा पेश गरियो ।

२. झापा जिल्लाको शीतलहर आकस्मिक योजना २०७६ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै सबै स्थानीय तहहरुले पालिकास्तरको शीतलहर आकाष्मिक योजना निर्माण गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. सम्बन्धीत गा.पा/न-पा. अन्तर्गत चिसो तथा शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्र/गाउँ/टोलका गरीब तथा बिपन्न परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि सम्बन्धित गाउँपालिका/नगरपालिकाको समन्वयमा सबै सरोकारवाला निकाय तथा संघसस्थाहरुलाई बिशेष गरी इन्धन, दाउरा, कम्बल जस्ता सामग्रीको भण्डारण गर्न लगाई हुन सक्ने सम्भावित जोखिमबाट बच्ने उपायको अवलम्ब गर्ने, स्थानीय तहमा अत्यावश्यक सामग्रीको संचय गरी Replenish का आधारमा सामाग्री अध्यावधिक समेत गर्न सबै स्थानीयतहहरुलाई अनुरोध गर्ने ।

४. जाडोको लागि आवश्यक पर्ने दाउरा तथा काठ समयमै उपलब्ध गराउने गरी डिभिजन बन कार्यालय तथा जिल्लाका सबै सामादायीक बनहरुले आवश्यक तयारी गर्ने ।

५. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीले आ-आफ्नो क्षेत्रबाट आवश्यक पूर्व तयारी तत्काल गर्ने साथै नेपाल प्रहरीले सामुदाय प्रहरी साझेदारी कार्यक्रम अनुसार सचेतनामुलक कार्यक्रम गर्ने ।

६. सम्भावित जोखिमलाई मध्यनजर गर्दै विभिन्न जिल्लाहरुमा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न स्वास्थ्य कार्यालय मेची अंचल अस्पताल लगायत सबै स्वास्थ्य निकायहरुले सचेतनामुलक कार्यक्रम संचालन गर्ने । स्वास्थ्यकर्मी तथा औषधिहरु पर्याप्त मात्रामा द्रुत प्रतिकार्य समुह परिचालित हुन सक्ने अवस्थामा रहने ।

७. जिल्लाहरुमा हुन सक्ने सम्भावित चिसो तथा शीतलहरबाट सुरक्षित रहन, न्यानो हुनका लागि बालिने आगोबाट हुन सक्ने सम्भावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतनामुलक तथा सन्देशमुलक सूचना स्थानीय भाषामा समेत उक्त सचेतनामुलक तथा सन्देशमुलक सामग्रीहरु तयार गरी आम संचार माध्यम मार्फत प्रचार प्रसार गर्नुका साथै अन्य बैकल्पिक व्यवस्था सूचना गर्ने व्यवस्था सबै स्थानियतहहरुले मिलाउने ।

८. चिसो तथा शीलतहरबाट हुन सक्ने कृषिबाली र पुशपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमुलक सूचना प्रचार प्रसार गराउने व्यवस्था मिलाउन र शीतलहरहरुको कारणबाट अन्नवाली/पशुपंक्षीको क्षती भएमा कृषकहरुलाई मल, विउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने सम्बद्ध सबै निकायहरुले आवश्यक व्यवस्था मिलाउने ।

प्रमुख जिल्ला अधिकारी

९. जिल्ला आपतकालिक कार्य संचालन केन्द्र (DEOC) मा सूचना प्रवाह गर्ने माध्यमलाई थप प्रभावकारी बनाउन सबै स्थानीय तहहरुले LEOC स्थापना गरी पूर्व सूचना प्रवाहलाई व्यवस्थित गर्ने ।

१०. नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संघ संस्था, मानवीय सहायतामा काम गर्ने निकाय/संघसंस्थाहरु तथा सामुदायिक संस्थाहरुले चिसो तथा शीलतहर प्रभावित स्थानहरुमा संचालन गर्ने कार्यक्रमको बारेमा जिल्ला पिबद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई पूर्व जानकारी गराउने ।

११. कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनालाई न्यूकिरण गर्न त्यस्था स्थानहरुको Mapping गरी आवश्यक सुरक्षा व्यवस्था ट्राफिक प्रहरीले मिलाउने ।

१२. विद्यालयहरुमा चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई चेतनामुलक कार्यक्रमहरु जिल्ला शिक्षा समन्य इकाई तथा सबै स्थानीय तहहरुले मिलाउने ।

१३. सबै Cluster Lead र Co-Lead ले सम्बन्धित Clusters Member सँग अविलम्ब बैठक बसी छलफल गरी चिसो तथा शीतलहरका लागि प्रभावकारी Contingency Plan तयार गरी लागु गर्ने, गराउने ।

१४. विपद पूर्वतयारीको लागी माथी छलफल भएका तत्काल गर्नुपर्ने कार्यहरुलाई सबै निकायहरुले एकीकृत रुपमा प्राथमिकताका साथ कार्यान्वयन गर्ने आवश्यक व्यवस्था मिलाउने ।

१५. तालीम प्राप्त जनशक्ति सहिति न्यूनतम खोज तथा उद्धार सामग्री एवं राहत सामग्रीको भण्डारण सबै तहले आ-आफनो क्षमता अनुसार व्यवस्था गर्ने ।

१६. प्रकोपमा आधारित अध्ययन (Hazard Wise Study) गरेर जोखिम नक्शाङ्कन (Risk Mapping ) गरी Search and Rescue (SAR) का उपकरणहरु र SAR मा खटिने समुहहरुको लागि समेत सुरक्षात्मक उपकरणको व्यवस्था गर्ने र विपद्को लागि अत्यावश्यक सामाग्रीको व्यवस्था सम्बद्ध निकाय एवं स्थानीयहरुले आ-आफनो क्षेत्रमा गर्ने ।

१७. मनसुनको कारण हुने बाढी तथा डुवानबाट प्रभावितको उद्धारका लागि प्रत्येक जिल्लामा १० वटा Rubber Boat र आवश्यक मात्रामा Life Jacket नेपाल सरकारले उपलब्ध गराउने । यसै गरी बाढी र डुबानबाट प्रभावित हुने क्षेत्रका पालिकाहरुले कम्तिमा २/२ वटा रवरवोट र आवश्यक मात्रामा Life Jacket को व्यवस्था गर्ने ।

१८. बाढी तथा डुवान सम्बन्धी समस्याको दीर्घकालिन समाधानका लागि गुरु योजना निर्माण गरि कार्यान्वयन गर्न उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने ।

१९. सबै स्थानीयतहहरुले सम्मावित विपद् व्यवस्थापनका लागि स्थानीय तहहरुले आफुलाई साधन स्रोत र सामाग्रीबाट सुसज्जित गर्दै तयारी अवस्थामा राख्ने उद्धार, राहत, पुनर्स्थापना जस्ता कार्यमा सर्वप्रथम जुट्ने सुरक्षा निकाय भएको ती निकायहरुलाई साधन स्रोत सम्पन्न बनाउने र सुरक्षा निकायका जिर्ण कार्यालयको समेत मर्मत संभार गर्नुपर्ने ।

२०. सबै स्थानीयतहहरुले आपतकालीन अवस्थामा आश्रय स्थलहरु आवश्यक हुने हुँदा हरेक वडामा पर्याप्त मात्रामा आश्रय स्थलहरु पहिचान गर्ने/निर्माण गर्ने ।

२१. शीतलहर तथा बिपद्को समयमा प्रत्येक स्थानीय तहमा स्वयमसेवकको रुपमा खटन सक्ने व्यक्तिहरुको विवरण सबै राजनीतिकदलहरुले तयार गरि स्थानीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने ।

प्रमुख जिल्ला अधिकारी

२२. राहत वितरणमा कोही नछुटुन र कोही नदोहोरीउन भन्ने उदेश्य अनुरुप स्थानीय तह, अन्य सामाजिक संघ संस्थाहरुले वितरण गरेको राहत रकम, राहत सामाग्रीहरुको विवरण जिल्ला प्रकोप व्यवस्थापन समितिलाई अनिवार्य रुपमा जानकारी गराउने ।

२३. आ.व ०७६/७७ मा दैवी प्रकोप वापत निम्न बमोजिमको रकम तपशिलका व्यक्तिहरुले बुझिलिएको भरपाई अनुसारको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | नामथर | ठेगाना | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| .१. | खडक बहादुर तामाङ्ग | शिवसताक्षी १० | बाढी पिडित | १०,०००।- | |
| २. | सरेजुन खातुन | झापा १ | आगलागी पिडित | ५,०००।- | |
| ३. | असमेरी खातुन | झापा १ | आगलागी पिडित | ५०००।- | |
| ४. | सोमनाथ अधिकारी | कनकाई ५ | आगलागी पिडित | १०,०००।- | |
| ५. | इन्द्र बहादुर थापा | मे.न.पा ३ | आगलागी पिडित | ४,०००।- | |
| ६. | गोपी बहादुर कामी | अर्जुनधारा ८ | आगलागी पिडित | १०,०००।- | |
| ७. | शंकर कटुवाल | भद्रपुर ३ | आगलागी पिडित | १०,०००।- | |
| ८. | पदमलाल काफ्ले | शिवसताक्षी ९ | आगलागी पिडित | १०,०००।- | |
| ९. | लिला प्रसाद कोइराला | हल्दिबारी ५ | आगलागी पिडित | १०,०००।- | |
| १० | डिल्ली प्रसाद पोखेल | हल्दिबारी ५ | आगलागी पिडित | १०,०००।- | |
| ११. | गणेश कार्की | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १२. | अम्विका कार्की | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १३. | नरमाया तामाङ्ग | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १४. | दिल बहादुर मगर | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १५. | नर माया गुरुङ्ग | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १६. | भिम बहादुर राई | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १७. | सरिता तामाङ्ग | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १८. | मधुमाया दाहाल | दमक ३ | आगलागी पिडित | १०,०००।- | |
| १९. | नरविर राई | दमक ३ | आगलागी पिडित | १०,०००।- | |

प्रमुख जिल्ला अधिकारी